आज मिति २०८२ साल पौष १ गते मंगलबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको ५३ औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| क स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | |
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |

CamScanner

| | | | |
|---|---|---|---|
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्रीकृष्ण पौडेल | |

CamScanner

# कार्यपालिका बैठक प्रस्ताव सूचि

## मिति २०८२।९।१ गते

**बैठक संख्या: ५३**

समय: विहान ११:०० बजे

१. अघिल्ला कार्यापालिका बैठकको समिक्षा सम्बन्धमा

२. नदीजन्य पदार्थको ठेक्का ब्यवस्थापन सम्बन्धमा ।

३. समपुरक र विशेष अनुदानका योजना छनौट सम्बन्धमा ।

४. ९ नं वडा कार्यालय भवन निर्माण लागत साझेदारी रकम अनुमोदन सम्बन्धमा।

५. नगरपालिकामा आवश्यक पूर्वाधार संरचना निर्माणका लागि जग्गा पहिचान सम्बन्धमा।

६. नगरसभा सन्चालन तयारी सम्बन्धमा ।

७. विविध ।

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# कार्यपालिका बैठक- ५३

## निर्णयहरु

निर्णय नं १

जैमिनी नगरपालिकाको यस आ.व. २०८२/८३ अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णय कार्यान्वयनको अवस्था बारे छलफल समिक्षा एवम् कार्यपालिका बैठकका निर्णयहरुको प्रभावकारी कार्यान्वयनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

यस नगरपालिका भित्र कालीगण्डकी नदी किनार क्षेत्रमा आ.व. २०८२/०८३ को ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न, निकासी दस्तुर कर संकलन आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धमा उल्लेखित ठेक्काको साविकमा तीन पटक सूचना प्रकाशन हुँदा पनि वोलपत्र प्रस्ताव पेश हुन नसकेको अवस्था रहेको छ । आर्थिक बर्षको मध्यावधी भइसकेको र नदीजन्य पदार्थ संकलन र विक्रीको अवधि कमी हुँदै गएकाले राजश्व परामर्श समितिको सिफारिश बमोजिम साविक सूचनामा उल्लेखित नदीजन्य पदार्थको दरमा पुनरावलोकन भए बमोजिम पनि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (६) मा भएको व्यवस्था, **जैमिनी नगरपालिका क्षेत्रको खोलानाला तथा निजी जग्गाबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, माटो तथा खनिजजन्य प्राकृतिक स्रोत साधन (उत्खन्न र उपयोग) विक्री वितरण सम्बन्धी कार्यविधी,** २०८२, साथै संघ तथा गण्डकी प्रदेशको आर्थिक ऐन, २०८२ को दफा ८ को उपदफा १ संग सम्बन्धित अनुसूचि ७ मा भएको ब्यवस्था तथा प्रचलित कानून बमोजिम आ.व. २०८२/०८३ मा यस पालिका क्षेत्रभित्र ढुंगा, गिटी, बालुवाको उत्पादन, विक्री तथा निकासी दस्तुर संकलन कार्य ठेक्का बन्दोबस्त गर्ने प्रक्रिया पुन अगाडी बढाउने निर्णय गरियो ।

| क्र.सं. | ठेक्का विवरण | परिमाण (क्यू.फिट) | कर बाहेक दर | न्यूनतम कूल ठेक्का अंङ्क (कर बाहेक) |
|---|---|---|---|---|
| १ | जैमुनी नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने कालीगण्डकी नदी क्षेत्रको IEE मा उल्लेखित क्षेत्रहरुबाट ढुंगा, गिटी, बालुवा लगायत नदिजन्य पदार्थको उत्पादन/ विक्री शुल्क संकलन ।<br>क) थाङ्नेबगरघाट र माझबगरघाट | (IEE प्रतिवेदन अनुसार कूल परिमाणको ५० प्रतिशतले हुन आउने परिमाण) २३५१६४ | रु ६।३० | रु.१४८१५२८।७९ |

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा बागलुङ

श्रीकृष्ण पौडेल
प्रशासकीय अधिकृत

(माथि उल्लेखित रकममा १३ प्रतिशत मुअ कर सहित जम्मा रु.१६,७४,१२७/५३ (सोह्र लाख चवहत्तर हजार एक सय त्रीपन्न रुपैया पैसा त्रीपन्न मात्र) ।
(पुनश्चः माथि उल्लेखित ठेक्का E-bidding मार्फत आह्वान गर्ने ।

निर्णय नं ३

नेपाल सरकार, राष्ट्रिय योजना आयोगको मिति २०८२/८/२६ गतेको आर्थिक बर्ष २०८३/०८४ का लागि सङ्घीय समपुरक तथा विशेष अनुदान अन्तर्गत सन्चालन गरिने आयोजना वा कार्क्रमका लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन भएबमोजिम यस जैमिनी नगरपालिकामा निम्नानुसारको आयोजना वा कार्यक्रम सन्चालनका लागि प्राथमिकताका साथ प्रस्ताव माग गरी पठाउने निर्णय गरियो ।

| प्राथमिकता | योजनाको नाम | कैफियत |
|---|---|---|
| | सङघीय समपुरक तर्फ | |
| १ | कुश्मीसेरा, सर्कुवा, विहारथला ८ नं. वडा कार्यालय सडक | सङघीय समपुरक (क्रमागत) |
| | प्रस्तावित | |
| २ | कालीगण्डकी करिडोर, कुश्मीसेरा, दमेक, बनु, गाँजादह, मध्यपहाडी लोकमार्ग जोड्ने सडक | सङघीय समपुरक |
| | सङघीय विशेष तर्फ | |
| १ | जैमिनी नगरपालिका पोषण विशेष कार्यक्रम | सङघीय विशेष |
| | प्रस्तावित | |
| २ | सूचना प्रविधियुक्त शैक्षिक गुणस्तर सुधार कार्यक्रम | सङघीय विशेष |

निर्णय नं ४

गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयको मिति २०८२/८/८ मा आर्थिक बर्ष २०८३/०८४ लागि ५० प्रतिशत लागत साझेदारी अन्तर्गत सन्चालन गरिने आयोजना वा कार्क्रमका लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन भए बमोजिम यस जैमिनी नगरपालिकामा निम्नानुसारको आयोजना वा कार्यक्रम सन्चालनका लागि प्राथमिकताका साथ प्रस्ताव माग गरी पठाइएकोले स्थानीय तहबाट ब्यहोर्ने ५० प्रतिशत लागत साझेदारी रकम नगरपालिकाबाट ब्यहोर्ने निर्णय गरियो।

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२/९/१ गते                                                    कार्यपालिका बैठक संख्या: ५३

| सि.नं. | लागत साझेदारी तर्फ को योजना र कुल लागत | कैफियत |
|---|---|---|
| १. | वडा नं ९ को वडा कार्यालय भवन पुर्वाधार निर्माण कुल लागत रकम रु १,००,१६,४७७/- (एक करोड सोह हजार चार सय सतहत्तर रुपैया) । | उल्लेखित कूल लागतको ५० प्रतिशत लागत साझेदारी नगरपालिकाबाट ब्यहोर्ने । |

**निर्णय नं ५**

जैमिनी नगरपालिकामा तपसिल बमोजिम स्वास्थ्य चौकी भवन निर्माणका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गरि पठाउने निर्णय गरियो।

| सि.नं. | योजना तथा कार्यक्रम | कैफियत |
|---|---|---|
| १ | वडा नं ३ को स्वास्थ्य चौकी भवन पुर्वाधार निर्माण | |
| १ | वडा नं ५ को स्वास्थ्य चौकी भवन पुर्वाधार निर्माण | |

**निर्णय नं ६**

जैमिनी नगरपालिकाको ४८ औं कार्यापालिका बैठकबाट नगरपालिकामा आवश्यक देहाय बमोजिम पूर्वाधार संरचना निर्माणका लागि जग्गा पहिचान तथा सिफारिश समिति गठन भएकोमा समितिबाट प्राप्त प्रतिवेदन छलफल गरियो। साथै समितिको सिफारिश बमोजिमको जग्गा ब्यवस्थापन प्रकृयाको लागि सम्वन्धित वडा तह, स्थानीय समुदाय तथा सरोकारवाला समुदायमा छलफल गरी आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो।

१. वसपार्क,
२. खेलकुद रंगशाला
३. फोहरमैला ब्यवस्थापन केन्द्र,
४. कृषि सकलन केन्द्र,
५. नर्सरी स्थापना ,
६. बालउद्यान, पार्क,
७. औद्योगिक ग्राम
८. नवप्रवर्द्धन केन्द्र
९. विद्युत सब स्टेसन
१०. प्रहरी चौकी

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं ७**

जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत कार्यक्रम बमोजिम सम्वन्धित वडाहरुमा- वडास्तरका विभिन्न फुटकर योजना तथा कार्यक्रम शिर्षकमा विनियोजित रकमबाट सम्बन्धित वडा समितिको निर्णय बमोजिमका योजनाहरुको कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं ८**

जैमिनी नगरपालिकाको १८ औं नगरसभाको बैठक मिति २०८२/९/८ गते सन्चालन गर्ने निर्णय गरियो।

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुस्मीसेरा, बागलुङ २०७३

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत